बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड ७ संख्या ६ मिति २०८० साउन २,मंगलबार

भाग:२

कन्टीजेन्सी रकम व्यवस्थापन तथा खर्च सम्बन्धि कार्यविधी,२०८०

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,
रंगमल वि क
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**कन्टीजेन्सी रकम व्यवस्थापन तथा खर्च सम्बन्धि कार्यविधी, २०८०**

**प्रस्तावना:** बडीमालिका नगरपालिकालाई प्राप्त हूने विशेष अनुदान, सशर्त अनुदान राजश्व बाँडफाँडन, आन्तरीक आय एवं समपूरक अनूदानका नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नूपर्ने योजना/ कार्यक्रमहरुबाट नियमानूसार **कट्टी** गरी कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी एवं मितव्ययी खर्च गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा बडीमालिका नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हूनेछ ।

२. **उद्देश्य:** कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नूका मूख्य उद्देश्यहरु निम्नानूसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न ।

(खं) दफा ६ मा उल्लेखित क्षत्रे हरुमा मात्र कन्टिजेन्सी रकम खर्च गर्न

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना/कार्यकम कार्यान्वयनमा सूव्यवस्थित तवरले खर्च गर्न ।

(३) भैपरी आउने खर्चको व्यवस्थापन गर्न ।

(ङ) कन्टिन्जेन्सी वापतको रकम प्राथमिकताको क्षेत्रमा उद्येश्यमुलक तवरले खर्च गर्न।

३. **कन्टिजेन्सी रकमको व्यवस्था:** नगरपालिकाबाट बार्षिक स्वीकृत भएका तथा संघ, प्रदेश तथा विकास साझेदार निकायबाट हस्तान्तण भई नगरपालिकाबाट कार्यान्वयन हूने प्रत्येक योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिजेन्सी वापतको रकम कट्टी गरी हुन आउने रकमलाई एकिकृत गरी उक्त रकमलाई दफा ६ मा उल्लेख भए बमोजिमका शिर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

४. **कन्टीजेन्सी रकमको खर्च प्रकृती:** योजना तथा कार्यक्रमको कूल कन्टीजेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ४९ प्रतिशत र पूजीगत कम्तिमा ५१ प्रतिशतका दरले खर्च गर्न सकिने छ तर कार्यालय संचालन गर्न चालु खर्च नभई असहज भएको अवस्थामा नगरकार्यपालिकाले आवश्यक निर्णय गरी खर्च गर्न बाधा पर्ने छैन ।

५. **कन्टीन्जेन्सी रकम खर्च गर्न सकिने क्षत्रे हरु:** योजना तथा कार्यक्रमहरुको कन्टीन्जेन्सी कट्टी रकमलाई नगरकार्यपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।



CamScanner

(क) योजना अनूगमन तथा सूपरीवेक्षण,मुल्यांकन,जांचपास तथा प्रतिवेदन सम्वन्धि खर्च एवं योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री मसलन्द खरिद ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु ।

(ङ) नगरकार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र ।

(च) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण/उपभाक्ता समिति गठन अभिमूखिकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(ज) योजना तथा कार्यक्रमको अनूगमन तथा निरीक्षणका क्रममा भएको यातायात तथा अनुगमन समितिको खाजा खाना वाफतको रकम ।

(झ) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अन्तर जिल्ला भ्रमण अवलोकन खर्च ।

(ञ) योजना संग सम्वन्धित सामाजिक परिचालन खर्च ।

(ट) गूणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ठ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्वन्धि खर्च ।

(ड) परामर्श खरिद खर्च

(ढ) कार्यालयलाई आवश्यक पर्ने अन्य खर्च ।

६. वजेट फिज सम्वन्धि व्यवस्था : आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम देहाय वमोजिम संचित कोषमा आम्दानी बाँधिनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुको शशर्त अनूदान अन्तर्गतको फिज हूने भनी तोकेको सवै प्रकारका अनूदानको कन्टिजेन्सी रकम आर्थिक वर्ष समाप्त हूनू भन्दा कम्तिमा ३ (तिन) दिन अगावै नियमानुसार भएको खर्चमा भूक्तानी दिई आर्थिक कारोबार वन्द गर्नूपर्नेछ ।

(ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कन्टिजेन्सी रकम संचित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनूसुची १ बमोजिमको कार्ययोजना तयार गरि खर्च गर्न सकिनेछ ।

(ग) नगरपालिकाको आफ्नो योजनाको कन्टिजेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

७. **कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:** नगरकार्यपालिकाको वार्षिक स्वीकृत वजेट ,संघिय , प्रदेश सरकारबाट प्राप्त हूने सशर्त, विशेष र समपूरक अनदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शूरुमा एकीकृत रुपमा हिसाव गरी सोको खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी योजना तथा पूर्वाधाार विकास शाखावाट अनूसुचि १ वमोजिम कन्टिजेन्सी खर्चको कार्ययोजना तयार गरी राखिनेछ । तर त्यस्ता योजना तथा कायर्क्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वियन संगै खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

८. **प्राविधिकहरुलाई फिल्ड भत्ता उपलब्ध गराउन सकिने:** बडीमालिका नगरपालिकाको स्वीकृत दरवन्दीमा कार्यरत नियमित फिल्डमा खटिने प्राविधिक ( इन्जीनियर सव इन्जीनियर र अशिष्टेन्ट शव इन्जीनियर) लाई अनुसूची २ बमोजिमको प्राविधिक फिल्ड भत्ता उपलब्ध गराइनेछ । यसरी फिल्ड भत्ता उपलब्ध गराइएमा दैनिक भ्रमण भत्ता उपलब्ध गराइने छैन् तर कार्यालय कामकाजको लागि जिल्ला बाहिर खटीनु परेमा नियमानुसारको दैनिक भ्रमण भत्ता भुक्तानी गर्न बाधा पर्नेछैन ।

९. **थपघट, हेरफेर वा संशोधन:** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनूसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

१०. **बाधा अट्काउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कूनै बाधा अडकाउ परेमा सो फूकाउने अधिकार नगर कार्यपालिकाको हूनेछ ।

११. **यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत हूनू पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनूरुप भए गरेको मानिनेछ ।

## अनूसुचि १

(कार्यविधिको दफा ६ (ख) संग सम्वन्धित)

| क.सं | योजनाको नाम | स्वीकृत रकम | कन्टिजेन्सी रकम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनूसुचि २

**( योजना कार्यान्वयनका लागि अनूगमन तथा सूपरीवेक्षण मुल्यांकन जांचपास तथा प्रतिवेदन सम्वन्धि प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च )**

**दफा ८ संग सम्बन्धीत**

| क.सं. | पद | मासिक स्वीकृत खर्च रकम |
|---|---|---|
| ज्ञ | सि. डि. ई. | १४००० |
| द्द | इन्जिनियर | १२००० |
| घ | सव( ईन्जिनियर | १०००० |
| द्ध | अ.सव( इन्जिनियर | ९००० |